व्यास नगरकार्यपालिकाको १९१ औं बैठक आज मिति २०८१/३/२३ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : मिति २०८१/३/७ को कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : नगर यातायात गुरु योजना सम्बन्धमा ।
प्रस्ताव नं.३ : रुम्सी नमूना गाउँको योजना भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.४ : नगर शिक्षा समितिको बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.५ : अत्यावश्यक रकम भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.६ : रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.७ : हुरी बतासबाट भएको छुट विपद्जन्य कार्य सम्बन्धमा ।
प्रस्ताव नं.८ : अध्यक्ष मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.९ : शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१०: मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम कार्य सम्पन्न प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.११: नमूना गाउँ प्रचार-प्रसार सामग्री सम्बन्धमा ।
प्रस्ताव नं.१२: हरियो घाँस विस्तार कार्यक्रमको अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.१३: मासु प्रवर्द्धन कार्यक्रमको अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.१४: दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमको भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१५: फोहोरका रुपमा संकलन गरी सुक्ष्म वर्गीकरण गरिएका बस्तुहरु बिक्री गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/३/७ गते भएको कार्यपालिकाको बैठकका निर्णहरुको कार्यान्वयनका विषयमा समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर यातायात गुरुयोजनाको मस्यौदा बैठकमा पेश भई छलफल गरी प्राप्त सुझावहरुलाई सम्भव भएसम्म समावेश गरी संशोधन सहित पेश गर्न निर्देशन दिने निर्णयो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा मुख्यमन्त्री नवप्रवर्तनीय कार्यक्रम अन्तर्गत रुम्सी नमूना गाउँको परिचयात्मक पुस्तिकाहरु र श्रव्य-दृष्य सामग्री बैठकमा प्रस्तुत भई श्रव्य-दृष्य सामग्रीमा केही संशोधन गर्नु पर्ने देखिंदा सो समावेश गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नगर शिक्षा समितिबाट मिति २०८१/०३/१४ गते भएका निर्णयहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ अन्तर्गतको बजेट शीर्षक नं.१८५ मा रहेको रू.२,००,०००। (दुई लाख) रहेकोमा शिशाघाट उपत्यका शिव मन्दिर निर्माणमा रू.१,५०,०००। (एक लाख पचास हजार) र सुन्दर देवी मन्दिर संरक्षण र पोखरी निर्माणमा रू.२,००,०००। (दुई लाख) राखी योजना सम्झौता भई काम सम्पन्न भएको देखिंदा नपुग रकम रू.१,५०,०००। (एक लाख पचास) सम्बन्धित बजेट शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८०/०८१ मा पूँजीगत तर्फ योजनाहरुको भुक्तानी गर्न बजेट अपुग/स्रोतमा निकासा प्राप्त नभएकोले सो अन्तर्गत भएका आयोजनाहरुको नपुग भूक्तानी रकम चालु आ.व. मा विविध कारणवश कार्य सञ्चालन हुन नसक्ने योजना तथा कार्यक्रमहरुको बजेट शीर्षकबाट भुक्तानी गर्ने र आगामी नगर सभाबाट अनुमोदन हुने गरी पेश गर्ने निर्णय गरियो ।

**चालु आ.व.मा कार्य सञ्चालन हुन नसक्ने योजना/कार्यक्रमहरु :**

| क.सं. | योजनाको नाम | वडा नं. | विनियोजित बजेट | बाँकी बजेट |
|---|---|---|---|---|
| १. | क्रमागत-मादीसेती बुल्दीघाट निर्माण ८३६ | ३ | १६,७५,०००।- | १६,७५,०००।- |

| | | | | |
|---|---|---|---|---|
| २. | वडा नं.३ वडा कार्यालय भवन निर्माण ७८१.२ | ३ | ३५,००,०००।- | ३५,००,०००।- |
| ३. | गत आ.व.को भुक्तानी दिन बाँकी | चालु | | ४,००,०००।- |
| ४. | क्रमागत वडा कार्यालय पहुँच मार्ग निर्माण ८७९ | १३ | १५,४०,२७५।- | २,००,०००।- |
| | | जम्मा : | | ५७,७५,०००।- |

माथि उल्लेखित आयोजना/कार्यक्रमहरुको बाँकी बजेटबाट खर्च हुने गरी भुक्तानी हुने आयोजना तथा कार्यक्रमहरु :

| क.सं. | योजनाको नाम | वडा नं. | सम्बन्धित शिर्षकमा बाँकी | माथिका आयोजनाबाट खर्च हुने रकम |
|---|---|---|---|---|
| १. | घाँसीकुवा स्वास्थ्य चौकी कम्पाउण्ड निर्माण | १२ | ८८,३७१।- | १,०८,०००।- |
| २. | बेतेनी खानेपानी पाइप खरिद | ५ | | ६०,०००।- |
| ३. | दुम्सी नमूनाग्राम सडक बत्ती व्यवस्थापन | १० | | २,५०,०००।- |
| ४. | होलसम कृषि तथा पशु फर्म | ११ | | ८५,६५६।- |
| ५. | धारापानी लिफ्टिङ्ग योजना | ९ | | ३,००,०००।- |
| ६. | कृषि उपज तरकारी संकलन केन्द्र | १ | | २,४२,०००।- |
| ७. | ५ नं. वडा पछाडी नाला निर्माण | ५ | | ३,००,०००।- |
| ८. | वि.पि. वन बाटिकामा कवर्डहल निर्माण | ३ | | १०,०५,०००।- |
| ९. | जनसेवा प्रा.वि. बाल विकास केन्द्र व्यवस्थापन | २ | | २,००,०००।- |
| १०. | मध्यमार्ग नाला बिस्तार उपभोक्ता समिति | १ | | १,००,०००।- |
| ११. | नारेश्वर ताल संरक्षण संरचना निर्माण | १० | | १५,५०,०००।- |
| १२. | नगर यातायात गुरुयोजना निर्माण/हेवाईल ई. कन्सल्टेन्सी | | | १४,९४,५८५।- |
| | | जम्मा : | | ५६,९५,२४१।- |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा २०८१ जेष्ठ अन्तिम हप्तामा आएको हुरी बतासबाट घर लगायतका संरचनामा असर परेका पीडितहरुलाई मिति २०८१/३/७ गतेको बैठकबाट तत्कालीन राहत वितरण गर्ने निर्णय भएकोमा केही पीडितहरु छुट हुन गएको भनी सम्बन्धित वडा अध्यक्षबाट सिफारिस भई आएका निम्नानुसार हुरी बतास पीडितलाई राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

**(क) वडा नं.६ :**

(१) गफार मिया, घरको छाना उडाएको – २०,०००।
(२) मनसुवा दुरा, घरको छाना उडाएको – १०,०००।
(३) जोखबहादुर सुनार, भान्साको छाना उडाएको – १०,०००।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा नगरपालिका भित्रका सामुदायिक विद्यालयका व्यवस्थापन समितिको अध्यक्ष छनौटमा सम्बन्धित विद्यालयमा सहमति नभई एकभन्दा बढी नामहरु सिफारिस भई आएका निम्न लिखित विद्यालयमा निम्नानुसार अध्यक्ष मनोनयन गर्ने र अभिभावकका विषयमा विवाद देखिएका विद्यालयमा विवरण माग गर्ने निर्णय गरियो ।

(१) वडा नं.५ स्थित पराशर मा.वि. मा सिफारिस भएका प्रस्तावित अध्यक्षहरुको अभिभावक प्रमाणित अभिलेख माग गर्ने ।

(२) वडा नं.५ स्थित उदय मा.वि.को अध्यक्षमा सिफारिस भई आएका श्री अनुप न्यौपानेलाई अध्यक्षमा मनोनयन गर्ने ।

(३) व्यास नगरपालिका वडा नं.६ शिशाघाट स्थित श्री महेन्द्रज्योति माध्यमिक विद्यालयमा श्री विनोद प्रसाद छिमाललाई अध्यक्ष मनोनयन गर्ने ।

(४) व्यास नगरपालिका वडा नं.६ शेषटार स्थित अमर प्रा.वि. मा सिफारिस प्रस्तावितहरु मध्ये श्री हिक बहादुर आलेलाई अध्यक्ष मनोनयन गर्ने ।

(५) व्यास नगरपालिका वडा नं.६ मादिवेंशी स्थित माहेन्द्री आधारभूत विद्यालयको सिफारिस मध्ये श्री बिमला परियारलाई अध्यक्ष मनोनयन गर्ने ।

(६) व्यास १ स्थित बुद्ध दाहाल बहिरा विद्यालयमा स्थानीय समाजसेवी मध्येबाट समिति र अध्यक्ष सिफारिस गरी पठाउन सम्बन्धित वडा अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास १२ सिद्देश्वरी मा.वि. मा कार्यरत सामाजिक विषय मा.वि. स्थायी दरबन्दीमा रहनु भएका श्री जीवनाथ पौडेललाई व्यास नगरपालिका वडा नं.५ ठूलोटार स्थित श्री उदय मा.वि. मा कामकाज गर्ने गरी स्थानान्तरण गर्ने र ऐ. उदय मा.वि.मा कार्यरत मा.वि. स्थायी सामाजिक विषयका स्थायी शिक्षक श्री विनोद रम्तेललाई व्यास न.पा. वडा नं.१२ सिद्देश्वरी मा.वि.मा कामकाज गर्ने गरी २०८१/४/१ गतेदेखि लागू हुने गरी स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८०/०८१ का लागि गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस पालिका बीच भएको सम्झौता बमोजिम कार्यान्वयन गरिएको मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम, कृषि तथा पर्यटन प्रवर्द्धन परियोजना अन्तर्गत व्यास १४ रुम्सी गाउँमा नमूना बस्ती विकास सम्बन्धी सञ्चालन गरिएको विभिन्न कार्यक्रमहरुको कार्यसम्पन्न प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम अन्तर्गत नमूना गाउँ प्रचार-प्रसार सामग्री निर्माण गर्ने क्रममा उद्घोष सञ्चार व्यास-१०, तनहुँले व्यास १४ रुम्सीको प्रचार-प्रसारको लागि तयार गरिएको रेडियो जिङ्गल, ब्रान्डिङ्ग र डकुमेन्ट्रीलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा पशुपंछी विकास उपशाखा तर्फको खर्च शीर्षक ३४१ को हरियो घाँस विस्तार कार्यकममा कार्यक्रम कार्यान्वयन समितिको वैठकबाट छनौट भएका तपसिलका फर्महरुलाई विभिन्न एकवर्षे/एक सिजन भुईं घाँस, डाले घाँस वा बहुवर्षे भुईं घाँस खेती गरे वापतको क्षेत्रफलको आधारमा प्रति रोपनी रु.३०००। (अक्षेरुपी तीन हजार रुपैया) का दरले हुन आउने निम्न बमोजिमको अनुदान रकम भुक्तानीको अनुमोदन गर्ने निर्णय गरियो ।

| क. सं. | फर्मको नाम, ठेगाना | कृषकको नाम | घाँस लगाइएको क्षेत्रफल | अनुदान रकम (प्रति रोपनी रू.३,०००। को दरले) |
|---|---|---|---|---|
| १ | गण्डकी नेपाल इन्भेष्टमेन्ट प्रा.लि.,व्यास ११ | भगवती जि.सी | ५० | १,५०,०००। |
| २ | पराशर भैंसी फर्म, व्यास ११ | सन्तोष पौडेल | १५ | ४५,०००। |
| ३ | शुभलक्ष्मी एग्रो फर्म, व्यास ६ | टेकलाल श्रेष्ठ | १२ | ३६,०००। |
| ४ | एलिन कृषि तथा पशु फार्म, व्यास ८ | एलिजा बगाले | १० | ३०,०००। |
| ५ | दाजुभाई कृषि तथा पशु फार्म, व्यास७ | सबिन कुंवर | ९ | २७,०००। |
| ६ | अधिकारी कृषि तथा पशु फार्म,व्यास ११ | गोमा अधिकारी | ८ | २४,०००। |
| ७ | मत्क्ष्य कन्या लक्ष्मी गाई पालन, व्यास १ | दिपेन्द्र अधिकारी | ७ | २१,०००। |
| ८ | बसौला गाई फर्म, व्यास १ | नमराज बसौला | ७ | २१,०००। |
| ९ | क्यामिन कृषि तथा पशु फर्म, व्यास७ | पार्वती श्रेष्ठ | ५ | १५,०००। |
| १० | नमूना गाई पालन, व्यास १ | विष्णुहरी अधिकारी | ५ | १५,०००। |
| ११ | आयुष कृषि तथा पशु फर्म, व्यास १० | विष्णुहरी न्यौपाने | ५ | १५,०००। |
| १२ | सम्झना गाई तथा कृषि फर्म, व्यास १ | संम्झना न्यौपाने | ३ | ९,०००। |
| | **जम्मा** | | **१३६** | **४,०८,०००।** |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा पशुपंछी विकास उपशाखा तर्फको खर्च शीर्षक ३४४ को मासु प्रवर्द्धन कार्यक्रममा (बाख्रा, भेडा, बंगुर, पाडा लगायत) सहकारी संस्था मार्फत खसी/बोका बिक्रीका आधारमा प्रति के.जी रु.२०। को दरले अनुदान तर्फ छनौट भएका तपसिलका सहकारी संस्थाहरु संस्थाहरुलाई चालु आ व को तेस्रो चौमासिकको (चैत्र - असार १०) प्राप्त खसी/बोका बिक्री रेकर्ड, बिल अनुसार र बाख्राको पाठापाठी जन्मेको आधारमा प्रति पाठापाठी रु.७५०। को दरले छनौट भएका तपसिलका फर्महरुलाई निम्न बमोजिम अनुदान भुक्तानीको लागि अनुमोदन गर्ने निर्णय गरियो ।

**खसी/बोका बिक्रीका आधारमा प्रति के.जी रु.२०। को दरले अनुदान तर्फ :**

| क. सं | सहकारी संस्थाको नाम, ठेगाना | बिक्री खसी/बोकाको तौल (के.जी) | अनुदान रकम रु. (प्रति के.जी.रु. २० को दरले) |
|---|---|---|---|
| १. | शुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था लि., व्यास ८ | ६३०६।४ | १,२६,१२८ |
| २. | आधारशिला सामाजिक उद्यमी महिला सहकारी संस्था लि., व्यास १२ | ५९६१ | १,१९,२२० |

**बाख्राको पाठा-पाठी जन्मेको आधारमा प्रति पाठा-पाठी रु.७५०। को दरले :**

| क सं | फर्मको नाम, ठेगाना | जन्मेको पाठा पाठी संख्या | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | सानु बाख्रा फर्म, व्यास १२ | २५ | १८,७५०। |
| २ | उत्तम कृषि तथा पशु फर्म, व्यास ९ | १६ | १२,०००। |
| | **जम्मा** | | **३०,७५०।** |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा पशुपंछी विकास उपशाखा तर्फको खर्च शीर्षक नं.९६, सहकारी मार्फत बिक्री हुने दुधमा किसानलाई उपकरण आदि अनुदान र ३४३, दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रमबाट सहकारी मार्फत बिक्री हुने दुधमा प्रति लि रु.१। को दरले अनुदान प्रदान गर्न छनौट भएका तपसिल बमोजिमका सहकारी संस्थाहरुलाई चालु आ.व.को तेस्रो चौमासिकको (चैत्र - असार १०) प्राप्त दुध संकलन रेकर्ड अनुसार निम्नानुसार अनुदान रकम भुक्तानीको अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं | सहकारी संस्थाको नाम, ठेगाना | दुध संकलन परिमाण (लि.) | अनुदान रकम रु. |
|---|---|---|---|
| १. | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १०, दुम्सी | २,६५,५९४ | २,६५,५९४ |
| २. | बेलबास दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १३, | १,३६,३८४।२ | १,३६,३८४।२ |
| ३. | सेवर दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १० | ३६,१२२।८ | ३६,१२२।८ |
| ४. | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास ५ | ६०,५०३।७ | ६०,५०३।७ |
| ५. | चारकुने दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १ | ३१,६२७९ | ३१,६२७९ |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सरसफाई व्यवस्थापन कार्यक्रम अन्तर्गत समुदायबाट फोहोरका रुपमा संकलन गरी सुक्ष्म वर्गीकरण गरिएका विभिन्न बस्तुहरु आवश्यक प्रकृया पुरा गरी बिक्री गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

***